**आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदामा विधायन ऐन, २०८१ को दफा ६ बमोजिम सर्वसाधारणको राय/सुझाबको लागि प्रकाशन गरिएको सूचना।**

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०८३/०४/०६ को निर्णय अनुसार आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदामा कुनै राय सुझाव भए ७ दिन (मिति २०८३/०४/१२ गते) भित्र यस मन्त्रालयको कानून शाखाको इमेल ठेगाना law.section@mohp.gov.np मा देहाय बमोजिमको ढाँचामा पठाउनु हुन विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क.स. | मस्यौदा विधेयकको दफा | प्रस्तावित व्यवस्था | हुनुपर्ने व्यवस्था (राय सुझाव) | राय सुझावको पुष्ट्याई |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

**<u>आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ लाई संशोधन गर्न बनेको विधेयक</u>**

**प्रस्तावनाः** आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस ऐनको नाम "आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) (पहिलो संशोधन) ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. <u>आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ को दफा २ मा संशोधन</u>** : आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ (यसपछि "मूल ऐन" भनिएको) दफा २ को,-

(१) खण्ड (ङ) पछि देहायको (ङ१) राखिएको छः-

“(ङ१) "स्वास्थ्यकर्मी” भन्नाले प्रचलित कानून बमोजिम स्वास्थ्यकर्मीको रूपमा सम्बन्धित परिषद्मा दर्ता भएको व्यक्ति सम्झनु पर्छ ।”

(२) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छः-

“(झ) “बच्चा” भन्नाले छत्तिस महिनासम्मका उमेर समूहका बच्चा सम्झनु पर्छ।”

(३) खण्ड (ञ) मा रहेका “चार देखि छ महिनासम्मको उमेरका” भन्ने शब्दहरूको सट्टा “छ महिनाभन्दा माथिका” भन्ने शब्दहरू राखिएको छ ।

(४) खण्ड (ण) को सट्टा देहायको खण्ड (ण) राखिएको छः-

“(ण) “पूरक खाद्य पदार्थ” भन्नाले छ महिना भन्दा माथिका बच्चाको पोषण आवश्यकता पूरा गर्न आमाको दूध वा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुको पूरकको रुपमा प्रयोग गरिने उपयुक्त खाद्य पदार्थ सम्झनु पर्छ।”

(५) खण्ड (त) को सट्टा देहायको खण्ड (त) राखिएको छः-

“(त) “मन्त्रालय” भन्नाले नेपाल सरकारको स्वास्थ्य सम्बन्धी बिषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।”

३. **मूल ऐनको दफा ४ मा संशोधन** : (१) मूल ऐनको दफा ४ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्य रहनेछन्ः-

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | - अध्यक्ष |
| (ख) | महानिर्देशक,स्वास्थ्य सेवा विभाग | - सदस्य |
| (ग) | सहसचिव, महिला तथा बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय | - सदस्य |
| (घ) | महानिर्देशक, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | - सदस्य |
| (ङ) | महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | - सदस्य |
| (च) | बालरोग विशेषज्ञमध्येबाट मन्त्रालयले मनोनयन गरेको एकजना | - सदस्य |
| (छ) | पोषण विज्ञमध्येबाट मन्त्रालयले मनोनयन गरेको एकजना | - सदस्य |
| (ज) | उपसचिव (कानून), मन्त्रालय | - सदस्य |

| | | |
|---|---|---|
| (झ) | निर्देशक, परिवार कल्याण महाशाखा | - सदस्य सचिव” |

(२) उपदफा (४) र (५) को सट्टा देहायका उपदफा (४) र (५) राखिएका छन्:-

“(४) उपदफा (२) को खण्ड (च) र (छ) बमोजिम सदस्यको मनोनयन गर्दा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु वा उत्पादन बिक्री वितरण गर्ने कार्यमा संलग्न व्यक्तिलाई मनोनयन गरिने छैन ।

(५) समितिको बैठकमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहका प्रतिनिधि वा विज्ञ तथा उपभोक्ता हित संरक्षणको क्षेत्रमा आवद्ध व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ।”

४. **<u>मूल ऐनको दफा ६ मा संशोधन</u>** : मूल ऐनको दफा ६ को खण्ड (ग) र (घ) को सट्टा देहायका खण्ड (ग) र (घ) राखिएका छन्:-

“(ग) प्रदेश र स्थानीय स्तनपान संरक्षण तथा सम्बर्द्धन समितिसँग आवश्यक समन्वय गर्ने,”

(घ) स्तनपानको संरक्षण र प्रबर्द्धन गर्न तथा सोको प्रभावकारी नियमन गर्न निरीक्षकलाई आवश्यक निर्देशन दिने,”

५. **<u>मूल ऐनमा दफा ६क. थप</u>** : (१) मूल ऐनको दफा ६ पछि देहायको दफा ६क. थपिएको छः-

“६क. **<u>प्रदेश र स्थानीय स्तनपान संरक्षण तथा सम्बर्द्धन समिति</u>** : (१) स्तनपान संरक्षण तथा सम्बर्द्धन गर्ने सम्बन्धमा प्रदेशमा प्रदेश स्तनपान संरक्षण तथा सम्बर्द्धन समिति र स्थानीय तहमा स्थानीय स्तनपान संरक्षण तथा सम्बर्द्धन समिति रहनेछन्।

(२) उपदफा (१) बमोजिमका समितिको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धित प्रदेश तथा स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ।”

६. **<u>मूल ऐनको दफा ८ मा संशोधन</u>** : मूल ऐनको दफा ८ को उपदफा (७) पछि देहायका उपदफा (८), (९), (१०) र (११) थपिएका छन्:-

“(८) स्वास्थ्यकर्मीले आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु वा बालसूत्र बच्चालाई खुवाउन वा प्रयोग गर्न सिफारिस गर्नु हुँदैन।

(९) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्वास्थ्यकर्मीले देहायको अवस्थामा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु वा बालसूत्रको प्रयोग गर्न सिफारिस गर्न सक्नेछन्:-

(क) स्तनपान गराउँदा बच्चामा संक्रमणको जोखिम रहने अवस्था भएमा,

(ख) आमा गम्भीर रूपमा बिरामी भई होशमा नरहेको वा स्तनपान गराउन असमर्थ रहेमा,

(ग) आमाको दूध नआएमा वा दूधको मात्रा कम भई बच्चामा पोषण पूरा नहुने अवस्थामा,

(घ) आमाले स्तनपानको समयमा स्तनपान प्रतिकूल हुने कुनै औषधि सेवन गरिरहेकोमा,

(ङ) बच्चामा कुनै गम्भीर स्वास्थ्य समस्या भई स्तनपान गर्न नसक्ने भएमा,

(च) आमा र बच्चा लामो समयसम्म अलग रहनुपर्ने भएमा,

(छ) वैकल्पिक स्तनपान सम्भव नभएमा।

(१०) नेपाल सरकारले आमाको दूधको सङ्कलन तथा व्यवस्थापन गर्न स्तनपान व्यवस्थापन केन्द्र वा त्यस्तै प्रकृतिका सेवा सञ्चालन गर्न सक्नेछ ।

(११) उपदफा (१०) बमोजिम त्यस्तो सेवा सञ्चालन गर्न मन्त्रालयले आवश्यक मापदण्ड बनाउन सक्नेछ।

(१२) उपदफा (११) बमोजिमको मापदण्डको अधीनमा रही प्रदेश सरकार, स्थानीय तह तथा अन्य स्वास्थ्य हेरचाह गर्ने निकायले सेवा सञ्चालन गर्न सक्नेछन्।"

७. **<u>मूल ऐनको दफा ९ मा संशोधन</u>** : (१) मूल ऐनको दफा ९ को,-

(१) उपदफा (३) झिकिएको छ।

(२) उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छः-

"(७)उत्पादक वा वितरकले स्वास्थ्य हेरचाह गर्ने निकाय वा अन्य कुनै संस्था वा सँगठनलाई खुद्रा मूल्य भन्दा कम मूल्यमा उत्पादन उपलब्ध गराउन वा दान गर्न हुँदैन ।"

(३) उपदफा (११) को सट्टा देहायको उपदफा (११) राखिएको छः-

"(११) उत्पादक वा वितरकले आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु वा उत्पादनको अन्तर प्रवर्द्धन (क्रस प्रोमोशन) गर्नु हुँदैन।"

**<u>स्पष्टीकरणः</u>** यस उपदफाको प्रयोजनको लागि "अन्तर प्रवर्द्धन (क्रस प्रोमोशन)" भन्नाले उत्पादक वा वितरकले उत्पादनको ब्रान्ड, प्याकेजिङ, डिजाइन, लेवल, तस्बिर, विवरण, रङ, चिन्ह वा सन्देशहरू प्रयोग गरी फरक प्रकृति र उद्देश्य भएको अर्को उत्पादनलाई बिक्री-वितरणको उद्देश्यले प्रचार र प्रवर्द्धन गर्ने कार्य सम्झनु पर्छ।"

(४) उपदफा (११) पछि देहायको उपदफा (१२) थपिएको छः-

"(१२) वितरकले स्वास्थ्यकर्मीको सिफारिस (प्रेष्क्राईब) बिना आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु वा बालसूत्र बिक्री-वितरण गर्नु हुदैन।"

**८. मूल ऐनको दफा ११ मा संशोधन :** मूल ऐनको दफा ११ को उपदफा (१०) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) सम्मिश्रण"

**९. <u>मूल ऐनको दफा १३ मा संशोधन</u> :** मूल ऐनको दफा १३ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) उत्पादक, वितरक, स्वास्थ्य हेरचाह गर्ने निकाय, स्वास्थ्य व्यवसायी तथा स्वास्थ्य कार्यकर्ताबाट यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम पालना भए नभएको सम्बन्धमा निरीक्षण गर्ने प्रयोजनको लागि आवश्यक सङ्ख्यामा तोकिए बमोजिमको योग्यता भएका कर्मचारीलाई निरीक्षक तोक्न सकिनेछ।"

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) नेपाल सरकारको हकमा समितिको सिफारिसमा मन्त्रालयले, प्रदेशको हकमा प्रदेश स्तनपान संरक्षण तथा सम्बर्द्धन समितिको सिफारिसमा प्रदेश सरकारले र स्थानीय तहको हकमा स्थानीय स्तनपान संरक्षण तथा सम्बर्द्धन समितिको सिफारिसमा स्थानीय तहले उपदफा (१) बमोजिमको निरीक्षक तोक्न सक्नेछन्।

तर प्रदेश सरकार तथा स्थानीय तहले निरीक्षक नतोकेसम्म समितिको सिफारिसमा मन्त्रालयले प्रदेश तथा स्थानीय तहको हकमा समेत निरीक्षक तोक्न सक्नेछ।"

**१०. <u>मूल ऐनमा दफा १६ मा संशोधन</u> :** मूल ऐनको दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छः-

"**१६. <u>कसूर र सजाय</u>** : (१) कसैले देहायको कार्य गरे वा गराएमा यस ऐन बमोजिमको कसुर गरेको मानिनेछः-

(क) दफा ८ को उपदफा (३), (४), (५), (६) वा (८) विपरीत कार्य गरेमा,

(ख) दफा ९ को उपदफा (१) विपरीत आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुको प्रबर्द्धन हुने गरी विज्ञापन गरेमा,

(ग) दफा ९ को उपदफा (४) वा (५) विपरीत कार्य गरेमा,

(घ) दफा ९ को उपदफा (७), (८), (९) वा (१०) विपरीत कार्य गरेमा,

(ङ) दफा ९ को उपदफा (११) विपरीत अन्तर प्रवर्द्धन (क्रस प्रोमोशन) गरेमा,

(च) दफा ९ को उपदफा (१२) विपरीत कार्य गरेमा,

(छ) दफा १० बमोजिम उत्पादनको प्रमाणीकरण नलिएमा,

(ज) दफा ११ विपरीतको कार्य गरेमा,

(झ) दफा १२ को उपदफा (३), (४) वा (५) विपरीत कार्य गरेमा,

(ञ) खण्ड (क) देखि (झ) सम्म लेखिए बाहेक यस ऐन विपरीत हुने कुनै कार्य गरेमा।

(२) उपदफा (१) बमोजिम कसूर मानिने कुनै काम गरे वा गराएमा कसुरको मात्रा हेरी देहाय बमोजिम सजाय हुनेछः-

(क) खण्ड (क), (ख), (ग), (घ) वा (च) बमोजिमको कसूर गर्ने वा गराउनेलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय,

(ख) खण्ड (ङ) वा (छ) बमोजिमको कसूर गरे वा गराएमा एक वर्षसम्म कैद वा तीन लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय,

(ग) खण्ड (ज) वा (ञ) बमोजिमको कसूर गरेमा छ महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय,

(घ) खण्ड (झ) बमोजिमको कसूर गरे वा गराएमा पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय।

(३) यस ऐन विपरीतको कुनै कसुर गरेबापत अदालतले सजाय गर्दा त्यस्तो कसूरबाट क्षति पुगेको व्यक्ति वा निजको हकदारलाई त्यस्तो कसूर गर्ने पक्षबाट देहायका आधारलाई समेत विचार गरी दश लाख रूपैयाँसम्म क्षतिपूर्ति भराउन सक्नेछः-

(क) शारीरिक वा मानसिक कष्ट वा पीडा र त्यसको गाम्भीर्यता,

(ख) दीर्घकालीन असर वा क्षति,

(ग) औषधोपचार तथा यातायात खर्च,

(घ) उपयुक्त देखिएका अन्य विषय।

**११.** **<u>रुपान्तरण</u> :** मूल ऐनको ठाउँ-ठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहायको शब्दहरु राखी रुपान्तर गरिएका छन्ः-

(क) "सञ्चय" को सट्टा "भण्डारण",

(ख) "गुण" को सट्टा "गुणस्तर",

(ग) "केन्द्रीय खाद्य अनुसन्धानशाला" को सट्टा "खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग",

(घ) "शिशि" को सट्टा "दूधदानी",

(ङ) दफा २ को खण्ड (ज) बाहेकका ठाउँमा रहेको “स्वास्थ्य कार्यकर्ता” को सट्टा “स्वास्थ्यकर्मी वा स्वास्थ्य कार्यकर्ता” ।